मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)
नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं:
Dispatch No.: 9900

मितिः२०८२/१२/१६गते
ने.स.११४६,चौलाथ्व

सुचना । सुचना ।। सुचना ।।।

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको जैविक पहिचान रुजु (Biometric verification) गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरवार, काठमाडौंको च.न. ९२ मिति २०८२/०९/१४ गतेको पत्रानुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहनु भएका लाभग्राहीहरुको अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा **Biometric verification** रुजु गर्नुपर्ने सम्बन्धमा भएको परिपत्र बमोजिम मकालु गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि प्रणालीमा **Biometric verify** नगरी सामान्य तरिकाबाट अद्यावधिक हुनु भएका देहाय बमोजिमका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले मिति २०८३/०१/०१ गते देखी २०८३/०१/१५ गते भित्र सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र र राष्ट्रिय परिचयपत्र नम्बर सहित **Biometric verification** रुजुका लागि अनिवार्य सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

२०८२/१२/१६

इन्द्र वहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

नोटः

१. सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्दा नवीकरणको निस्सामा सामान्य लेखिएको भए ।
२. सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि चालु आ.व. मा अद्यावधिक भएका नयाँ लाभग्राहीको विविध कारणले राष्ट्रिय परिचयपत्रको नम्बर रुजु नभएको लाभग्राहीहरुले वडामा सम्पर्क गर्नुहुन ।
३. **बालबालिका,आफ्नो हेरचाह आफैं गर्न नसक्ने,असहाय वा ९० वर्ष माथिका जेष्ठ नागरिकको हकमा Biometric verification अनिवार्य गरिएको छैन।**
४. उल्लेखित समयभित्र **Biometric verification** नगराउनु हुने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।